# तारा मण्डल महिला सशक्तिकरण अभियान

**"महिलाको सशक्त भुमिका;**

**परिवार, समाज, देशको अग्रता ॥"**

# प्रगति प्रतिबेदन


काठमाण्डौ महानगरपालिका वडा नं. ९, बत्तिसपुतली, काठमाडौं
फोन नं : ०१-४४९४२५०
ईमेल : taramandalorg@gmail.com; info@taramandal.org
वेबसाईट: www.taramandal.org

# बिषय सुचि


१. संस्थाको परिचय ........ 3

१.१ पृष्ठभूमि ........ 3

१.२ संस्थाको परिचय ........ 4

१.३ संस्थाको उद्देश्यहरु ........ 4

१.४ संस्थाको लक्ष्य ........ 4

१.५ स्वामित्व ........ 4

१.६ कार्यसमिति ........ 5

१.७ संस्थाको संरचना ........ 6

१.८ संस्थाले संचालन गरेको गतिबिधिहरु ........ 7

१.९ संस्थाको योजनाहरु ........ 7

२. संस्थाले संचालन गरेको गतिबिधिहरु ........ 8

२.१ महिला तथा यूबा उद्यमशिलता तालिम ........ 8

परिचय ........ 8

कार्यक्रम संचालन र प्रकृया ........ 8

तालिमको लक्ष्य तथा उपलब्धी ........ 8

तालिम विषयबस्तु ........ 9

प्रतिक्रिया ........ 9

२.२ ब्यक्तिव तथा नेतृत्व विकास तालिम ........ 10

परिचय ........ 10

कार्यक्रम संचालन ........ 10

तालिमको लक्ष्य तथा उपलब्धी ........ 10

तालिम विषयबस्तु ........ 11

प्रतिक्रिया ........ 11

२.३ सामुदायिक सरसफाइ कार्यक्रम ..... 12

परिचय ..... 12

कार्यक्रम संचालन ..... 12

कार्यक्रमको लक्ष्य तथा उपलब्धी ..... 12

कार्यक्रम विषयबस्तु ..... 13

प्रतिक्रिया ..... 13

२.३ सौर्य बत्ति जडान ..... 13

परिचय ..... 13

कार्यक्रम संचालन ..... 13

कार्यक्रमको लक्ष्य तथा उपलब्धी ..... 14

कार्यक्रम विषयबस्तु ..... 14

प्रतिक्रिया ..... 14

२.४ स्वास्थ्य शिविर ..... 15

परिचय ..... 15

कार्यक्रमको लक्ष्य तथा उपलब्धी ..... 15

कार्यक्रम विषयबस्तु ..... 15

प्रतिक्रिया ..... 15

२.५ बृदा आश्रमका आमाहरुमा स्वास्थ्य सहयोग ..... 16

परिचय ..... 16

कार्यक्रम संचालन र प्रकृया ..... 16

कार्यक्रमको लक्ष्य तथा उपलब्धी ..... 16

कार्यक्रम विषयबस्तु ..... 16

प्रतिक्रिया ..... 16

# १. संस्थाको परिचय

## १.१ पृष्ठभूमि

पितृसत्तात्मक समाजको रुपमा रहेको नेपाली समाज आजको २१ औ शतकको पूर्बसन्ध्यामा समेत महिलामुखी बन्न सकिरहेको छैन । सदियौ देखि उत्पिडन भोगिरहेका महिलाहरु समाजका सबै अभयबहरुबाट प्रताडित छन । जनसख्याको हिसाबले पुरुषहरुको भन्दा बढि रहेका महिलाहरु आरक्षण तथा राज्य स्तरीय सेवामा भने ३३ प्रतिसत हक का लागि सधै लडिरहेका छन । समाजमा महिला पछि पर्नुमा सामाजिक संस्कार त दोषि छ नै यसमा स्वयं महिला पनि समान दोषि छन । सामाजिक मुल्यमान्यताको आडमा हुने महिला बिरुद्धका तमाम अन्यायमा महिलाहरुको पनि समान उपस्थिति रहन्छ सासु/बुहारी बा अन्य कुनै स्वरुपमा । समग्रमा महिलाहरुको सर्बोपरि बिकासका लागि प्रमुख शिक्षा तथा जागरण नै हो ।

समाजमा बिद्यमान सामाजिक बिभेदहरु अन्त्यगर्न महिलाहरु स्वयं अग्रसर हुनु जरुरी छ । गरिवीको रेखामुनिबाट देखिने अभाबमा रुमल्लिएको समाजलाई आत्मनिर्भर बनाउन महिलाहरुको भूमीका हिजोपनि प्रमुख थियो, आज पनि छ र भोली पनि हुनेछ । परिबार-परिबार मिलेर बन्ने समाजका अभिन्नअंग महिलाहरु आर्थिक रुपमा सबल हुने प्रयासमा लाग्ने हो भने समाजमा महिलाहरुले चाहेको भूमीका पाउन केही समय लाग्दैन । चुला चौकाबाट बाहिर निस्कन मात्र प्रयास गर्ने हो भने समाजले चाहेको भूमीका दिन बाध्य हुनेछ ।

आर्थिक आत्मनिर्भरता मात्रै एक यस्तो हतियार हो जसले महिलाहरुलाई समाजमा समान हैसियत दिलाउन सक्छ । आर्थिक रुपमा परनिर्भर रहनु मात्रै महिलाहरुको आजको अबस्थाको प्रमुख कारक तत्व हो । महिला सशक्तिकरण का लागि आर्थिक परनिर्भरता अन्त्य हुनैपर्छ । नेपालमा आजका दिनसम्म आईपुग्दा शिक्षामा महिला सहभागिताको दर सन्तोषजनक रुपमा देखिएको छ । समाजमा बिस्तारै महिला प्रभाब बढेको पनि छ । राजनैतिक तथा अन्य सरकारी तथा गैरसरकारी निकायमा महिलाहरुको उपस्थिति बाक्लिदै गएको छ । महिलाहरुले परम्परागत मात्र होईन की आधुनिक भूमीकाहरु पनि पाईरहेका छन र सन्तोषजनक रुपमा भूमीका निभाई पनि रहेका छन् ।

नेपालको कुल जनसंख्या को ५१.५४ प्रतिसत महिलाहरु रहेका छन । ६० प्रतिशत भन्दा बढि ग्रामीण महिलाहरु निरक्षर छन । दिनभर संगै काम गर्दा पुरुष श्रमिक भन्दा झण्डै आधा भन्दा कम ज्यालाले जिबन निर्बाह गरिरहेका छन् । अझैपनि केही यस्ता सामाजिक संस्कारहरु छन् जहाँ महिलाहरुको उपस्थिति बर्जित छ अनि यस्ता मन्दिरहरु छन जहाँ महिलाहरुले प्रबेश पाउदैनन् । आजको समयमा समेत नेपाली समाजले महिलाहरुलाई दोश्रो दर्जाको मानब बनाएको कटु यथार्थ कसैबाट छिपेको छैन ।

## १.२ संस्थाको परिचय

समाजमा सामाजिक बिभेदहरुको अन्त्य गरी समतामुलक समाजको निर्माण गर्नै पबित्र उद्धेश्यका साथ समाजमा रहे भएका उत्पिडन, यातना, अशिक्षा, गरिबी र परम्परागत सस्कार बिरुद्ध चेतना छर्न आबश्यकपर्ने शैक्षिक, आर्थिक, कानूनी र स्वास्थ्यका क्षेत्रमा काम गर्ने लक्ष्यका साथ महिलाहरुलाई सामाजिक रुपमा सबल र सक्षम बनाई स्वयम उनिहरुको सशक्तिकरणका लागि अघि बढाउदै आफ्नो समाजको नागरिकहरुका लागि स्वतन्त्र बैयक्तिक अधिकार र मानवअधिकारको रक्षा गर्दै नेतृत्व बिकास र जनजिबिकाको सवाल देखि आधारभुत स्वास्थ्य, शिक्षा, सुरक्षा, सरसफाई, तथा दैबि प्रकोपबाट प्रभाबित बनेका नेपालीहरुका निमित्त आधारभुत बिकासका लागि काम गर्ने मनसायले यो तारा मण्डल शसक्ति अभियान नामक संस्था, संस्था दर्ता ऐन, २०३४ को अधिनमा रहि जिल्ला प्रशासन कार्यालय काठमाण्डौमा मिति २०७२ साल फाल्गुण १२ मा बिधिबत रुपमा दर्ता भएको गैर नाफामुखि गैरसरकारी संस्था हो ।

## १.३ संस्थाको उद्देश्यहरु

- ✓ आफ्नो समाज क्षेत्र र मूलूकको सामाजिक, सास्कृतिक, शैक्षिक र सशक्तिकरणका लागि सिपमूलक तथा चेतनामूलक तालिम सन्चालन गर्ने।
- ✓ स्थानिय तथा ग्रामिण बिकासका खानेपानी, ढल, स्वास्थ्य, शिक्षा, बाटोघाटो, पूलपूलेसा सरसफाइ तथा बृक्षारोपण लगायत सापेक्षित गतिबिधिहरु संचालन गर्ने।
- ✓ लैंगिक समानता तथा कानूनी अधिकारका विषयमा जनचेतना अभिबृदि गर्नूका साथै सामाजिक न्यायका क्षेत्रमा काम गर्ने।
- ✓ प्राकृतिक स्रोत र साधनहरुको ब्यबस्था गर्दै भूकम्प पिडितहरुलाई सहयोग तथा पूननिर्माणमा सहयोग गर्ने।

## १.४ संस्थाको लक्ष्य

संस्थाको उद्देश्य अनुरुप कार्यगर्नु पहिलो लक्ष्य रहनेछ । सामाजिक हितलाई मध्यनजर गर्दै समाजमा भएका र हुने गरेका असमानताका बिबिध घटनाहरु न्युनिकरण गर्ने लक्ष्य रहनेछ ।

## १.५ स्वामित्व

यो संस्था सेवा भावनाले अभिप्ररित सदस्यहरुद्वारा संचालित गैर नाफामुलक संस्था हो । संस्थामा हाल ९ सदस्यीय कार्यसमिति रहेको छ ।

## १.६ कार्यसमिति

| | |
|---|---|
| ➢ अध्यक्ष | श्री कुन्ती देवी पोखेल |
| ➢ उपाध्यक्ष | श्री कल्पना नाथ योगी |
| ➢ महासचिब | श्री अनिता महर्जन |
| ➢ सचिब | श्री हिमा बि.क |
| ➢ कोषाध्यक्ष | श्री चन्द्र शोभा खड्गी |
| ➢ सदस्यहरु | श्री लाक्पाछेकी शेपा |
| | श्री पार्वती भण्डारी |
| | श्री सुनिता महर्जन |
| | श्री दिपा श्रेष्ठ |

## १.७ संस्थाको संरचना





*Fig: Organizational Chart*

## १.८ संस्थाले संचालन गरेको गतिबिधिहरु

संस्थाले छोटो समयमा नै प्रकृतिक बिपतिमा मानविय सहयोगका लागि काम गरेको यस संस्थाले महिला सशक्तिकरणका लागि महिलाहरुको आर्थिक परनिर्भरता कम गर्ने अभियान बिशेष रुपमा संचालन गर्दै आहिरहेको छ। मानबिय सहयोग आर्थिक सहयोग भन्दा कयौ गुणा ठूलो सहयोग हो भन्ने ठान्दै बिभिन्न अस्थायी बसोबास क्षेत्रहरुको फोहोर ब्यबस्थापनमा हामी कृयाशिल भयौ । उपत्यका र आसपासका भुकम्प प्रभाबितहरुको अस्थायी शिबिरहरुमा सरसफाई लगायत स्वास्थ्य सम्बन्धि जनचेतना अभिबृद्धिका लागि बिभिन्न काम गरेका छौ । यसै गरी संस्थाले उपत्याकाका बिभिन्न असहाय केन्द्रहरुमा रहनुभएका बृद्ध बृद्धाहरुलाई असहाय केन्द्रका प्रमुखहरुसंगको समन्वय र माग बमोजिमका बिभिन्न औषधिहरु समेत बितरण गर्ने कार्य सम्पन्न गरिसकेको छ ।

## १.९ संस्थाको योजनाहरु

- ३ बर्ष भित्र देशको ७५ वटै जिल्लामा साखा बिस्तार गरि ग्रामिण भेगका महिला तथा यूबाहरुमा उद्यमशिलता उन्मूख कार्यक्रम संचालन गर्ने।
- पिछडिएका क्षेत्रहरुमा महिला तथा बालबालिकाहरुका लागि निसुल्क स्वास्थ्य शिबिर संचालन गर्ने।
- ग्रामिण भेगका महिलाहरुलाई आधारभूत तथा प्राथमिक शिक्षा आर्जन र गुणस्तर अभिबृदि सम्बन्धि कार्यक्रम गर्ने।
- तथा बिधान अनूसार अन्य कार्यक्रम संचालन गर्ने।

# २. संस्थाले संचालन गरेको गतिबिधिहरु

## २.१ महिला तथा यूबा उद्यमशिलता तालिम

### परिचय

महिला तथा यूबा उद्यमशिलता तालिम यस सस्थाल काठमाण्डौं जिल्ला विकास समितिको कार्यालय संग समन्वायन गरि सन्चालन गरेको हो। महिला सशक्तिकरणको पहिलो उद्देश्य भनेकै महिलाहरुको परनिर्भरता अन्त्य गर्ने हो । परनिर्भरता अन्त्य गर्न आत्मनिर्भर बन्नु जरुरी छ । महिलाहरुको सर्बोपरि बिकासलाई ध्यानमा राख्दै यस संस्थाले महिलाहरुको ब्यबसायिक शिपमूलक तालिम तथा दक्षता अभिबृद्धि गर्ने योजना अघि सारेको छ । बिभिन्न शिपमूलक तालिमका माध्यमले महिलाहरु बिस्तारै ब्यबसायिक बन्दै आत्मनिर्भरता तर्फ उन्मुख हुनेछन भन्ने सस्थाको बुझाई छ। सिकेको सिपलाई बजारिकरण गर्दै समुन्नती तर्फ लम्कनेछन, पितृसतात्मक समाजको चौघेरालाई बिस्तारै नाघ्नेछन र तालिमलाइ पुर्णता दिदै समाजमा केही हद सम्म आफ्नो ब्यबसायिक चिनारी बनाउनेछन ।

### कार्यक्रम संचालन र प्रकृया

काठमाण्डौं जिल्ला विकास समितिको कार्यालयसँग भएको सम्झौता अनुसार १५ जना महिलाहरुलाई यस तारामण्डल महिला सशक्तिकरण अभियानले १५ जना महिलाहरुलाई मिति २०७३ कात्तिक २ गते देखि २०७३ कात्तिक ९ गते सम्म सिपमूलक मखमलको जुत्ता बनाउने तालिम संचालन गरिएको थियो । कार्यक्रमको विस्तृत जानकारी काठमाण्डौं जिल्ला विकास समितिको कार्यालय तथा वडा समितिको कार्यालयलाई गराइएको थियो ।

पर्चा पम्पलेट आदिबाट पूर्व प्रचारित कार्यक्रम अनुसार मिति २०७३ साल कात्तिक १ गते तालिमको लागि महिलाहरुको छनौट गरिएको थियो । छनौट कार्यक्रममा संस्थापकी अध्यक्ष श्रीमती कुन्ती देवी पोखेल सहित संस्थापक सदस्यहरुको सहभागितामा १७ जना महिलाहरु लाई छनौट गरिएको थियो ।

मिति २०७३ साल कात्तिक २ गते बत्तिसपुतलीमा सञ्चालन गरिएको मखमलको जुत्ता बनाउने तालिम सुरुको दिन देखि नै उत्साहजनक भएको थियो । महिलाहरु केही गर्छौ भन्ने आत्मविश्वास देख्दा तालिम मार्फत आर्थिक आत्मनिर्भरता हुन्छ भन्नेमा हामी गर्भ गर्छौं ।

### तालिमको लक्ष्य तथा उपलब्धी

समाजमा निश्क्रिय रहेका महिलाहरुलाई शिपमूलक तालिका माध्यमले हातमा शिप र आत्मबिश्वासको बिकास भएको पायौ र जसका कारणले उनीहरुको सामाजिक स्तरोउन्नती तथा आर्थिक बिकासमा सहयोग गर्नेछ । यो तालिम प्राप्त गरिसकेपछि स्थानीय महिलाहरुले आफ्नै सानो घरेलु उद्योग संचालन गरि अन्य बेरोजगार महिलाहरुलाई पनि रोजगारी सिर्जना हुनेछ । यसबाट समाजिक परिबर्तनको पहिलो खुडकीलो आर्थिक परनिर्भरता कम हुनेछ । हातमा थोरै भएपनि पैसा पर्ने हो भने समाजमा

बिद्यमान बिबिध महिला बिरुद्धका घटनाक्रमहरु पनि बिस्तारै कम हुदै जाने छ र परिवार, समाज र देश समृद्द उन्मुख हुनेछ।

समाजमा रहेका आर्थिक रुपमा परनिर्भर रहनु पर्ने महिलाहरुलाई राज्यले प्रमुख खेलेर निशुल्क तालिमको व्यवस्था मिलान उनीहरुलाई आर्थिक रुपमा सशक्त बनाउने कार्यक्रमको उदेश्य रहेको थियो । जस अनुसार बत्तिसपुतली लगायत काठमाण्डौंको विभिन्न स्थानमा बसोबास गरेका महिलाहरु आभान्वीत भएका थिए ।

पर निर्भर रहेका गरिव महिलाहरुलाई यस तालिमले शसक्त रुपमा भुमीका खेलेको थियो । महिलाहरुले यस उधमशीलता तालिम बाट विभिन्न मखमलको जुत्ता बनाउन जानेका छन् र उनीहरुले आफ्नै व्यवसाय संचालन गर्नका लागी प्रयास पनि गरेका छन् । १५ जना महिलाहरुले यस तालिमबाट सशक्त रुपमा व्यवसाय सञ्चालन गर्न सक्ने भएका छन् ।

## तालिम विषयबस्तु

- हातमा शिप र आत्मबिश्वासको बिकास
- स्थानीय महिलाहरुलाई आफ्नै सानो घरेलु उद्योग संचालन गर्न सहयोग
- महिलाहरुको परनिर्भरता अन्त्य हुनुमा सहयोग
- महिलाहरुलाई रोजगारीको सिर्जना
- आर्थिक ब्यवस्थापन
- आत्मविश्वास
- बेरोजगार तथा सामाजिक महिला बिरुद्दको घटनामा कमि

## प्रतिक्रिया

तालिमको समाप्ती पछि सम्पुर्ण महिलाहरु केही गरि ब्यबसायिक बन्न उत्साहित भएको र परिवारलाई आर्थिक सहयोग गरि सबल र समृद्द बनाउन सक्ने आत्मा बल बढेको प्रतिक्रिया पायौ।

कार्यक्रम संचालन बखतका केहि तस्बिरहरु






## २.२ ब्यक्तिव तथा नेतृत्व विकास तालिम

### परिचय

यूवा तथा महिला वर्गका लागि ब्यक्तित्व तथा नेतृत्व विकास तालिम जिल्ला विकास समितिको कार्यालय तथा सांसद कोष बाट काठमाण्डौंको तारामण्डल महिला सशक्तिकरण अभियान अन्तर्गत बत्तिस पुतलि वडा नं. ९ मा गरिएको थियो । यस ब्यक्तित्व तथा नेतृत्व विकास तालिमले युवा तथा महिला वर्गका लागि विभिन्न आर्थिक, सामाजिक, राजनैतिक क्षेत्रमा कसरी सफल नेत्रृत्व गर्न सकिन्छ भनेर पूर्ण रुपमा प्रशिक्षण दिइयो ।

### कार्यक्रम संचालन

काठमाण्डौं जिल्ला विकास समितिको कार्यालय संग सम्झौता अनुसार ५० जाना महिला तथा युवा वर्गका लागि यस तारामण्डल महिला सशक्तिकरण अभियानले मिति २०७३ फाल्गुन २२ गते देखि २०७३ फाल्गानु २६ गते सम्म ब्यक्तित्व तथा नेतृत्व विकास तालिम संचालन गरिएको थियो । कार्यक्रमको विस्तृत जानकारी काठमाण्डौं जिल्ला विकास समितिको कार्यालय तथा वडा समितिको कार्यालयलाई गराईएको थियो ।

पर्चा पम्पलेट आदि बाट पूर्व प्रचारित कार्यक्रम अनुसार मिति २०७३ साल फाल्गानु १५ गते तालिमका लागि युवा तथा महिला वर्गलाई छनौट गरिएको थियो । छनौट कार्यक्रममा संस्थाकी अध्यक्ष श्रीमति कुन्ति देवि पोखरेल सहित संस्थापक सदस्यहरुको सहभागितामा ५० जाना युवा तथा महिलाहरुलाई छनौट गरिएको थियो । यस कार्यक्रममा शुरुको दिन देखिनै उत्साहजनक भएको थियो । युवाहरु केही गर्छौंउ भन्ने आत्मा विस्वास देख्दा तालिम मार्फत नेतृत्व गर्न सक्छौ भन्ने भावनाको विकास भएको थियो ।

### तालिमको लक्ष्य तथा उपलब्धी

नेतृत्वलाई व्यक्तिको विशेष गुण र समुहको सम्पतिको रुपमा हेर्न सकिन्छ । जसले नेतृत्व लिन सक्छ इज्जत प्रतिष्ठा तथा उचाइ हासिल गर्न अरुलाई प्रभावित पर्न सक्छ । अथवा यस्तो क्षमता, गुण, विशेषता भएको अवस्थालाई नेतृत्व भन्न सकिन्छ ।

सफल नेतृत्व गर्न हामीसँग स्पष्ट लक्ष्य, आफुप्रति विश्वास, योजना र कार्यक्रम, आफ्नो कामप्रति रुची र दृढ संकल्प संगठनका सदस्यहरु र स्रोत साधनको विवेकपूर्ण परिचालन गर्ने क्षमताको जरुरी हुन्छ । समुह, सदस्य अथवा संस्थाको नेतृत्व हुन्छ । त्यसैले यो सामुहिक बल र अस्तित्वमा टिकेको हुन्छ । त्यसकारण लक्ष्य निर्धारण गर्दा आफ्नो क्षमता मनोबिज्ञान, संगठनका सदस्यहरु, उपलब्ध स्रोत साधन र दैनिक अन्तरक्रिया गरिरहनुपर्ने हुन्छ । समाजको सामाजिक, आर्थिक, राजनितिक, शैक्षिक तथा अन्य वातावरणीय पक्षहरुलाई समेत विवेकपूर्ण रुपमा विश्लेषण गर्दै रहनुपर्छ । नेतृत्वले लक्ष्य निर्धारण गर्दा समय परिस्थिति अथवा सत्यलाई सापेक्षतामा हेर्न र गतिशिलतामा बुझ्न सक्नुपर्दछ । र सोही अनुसार

आफूलाई तयार पार्नु पर्दछ। एक्लै लहडमा निर्धारण गरिएको उच्च महत्वाकांक्षी नेतृत्व सफल हुनसक्दैन ।

अहिलेका यूवा वर्गमा नेतृत्व को विकास तथा  व्यक्तित्व सम्बन्धी ज्ञानको अत्यावश्यक छ । सामाजिक, आर्थिक, राजनैतिक क्षेत्रमा नेतृत्व समुह अथवा संगठन निर्माण गर्न नेतृत्व चाहिन्छ । त्यो संगठन सामुहीक लक्ष्य प्राप्त गर्ने हेतुले बनाइएको हुन्छ ।

अधिकार र सामाजिक न्यायउन्मुख समाजमा नेतृत्व गर्नु असाध्यै चुनौती पूर्ण काम हो । यसै सन्दर्भमा नेतृत्व कहिले कलाको रुपमा देखा पर्छ भने कहिले विवेक, ज्ञान, प्रक्रिया, तरीकाको रुपमा पनि देखा पर्छ। हाम्रा यूवाहरुकोलागी यती महत्व छ की प्रत्येक संगठनका सदस्यहरु उनीहरुको क्षमता, चरित्र, सोच जस्तो हुन्छ एकीकृत रुपमा त्यही सदस्य, त्यही वातावरण सोचबाट गुज्रीएर माथि उठेको नेतृत्व नितान्त बेग्लै र अनौठो प्रकृतीको हुन गाह्रो हुन्छ । त्यसैले नेतृत्व व्यक्तिको जन्मजात, गुण, स्थानीय संस्कृति, वातावरण, राजनीति सामाजिक संरचना र ती संरचनाबीचको कार्यगत सम्बन्धका आधारमा प्रभावीत बनेको हुन्छ ।

### तालिम विषयबस्तु

- व्यक्तिगत क्षमता  कसरी विकास गर्ने ?
- भित्री मनोइच्छा र शक्ति
- आत्मविश्वास
- आर्थिक व्यवस्थापन
- जनपरिचालन
- उद्देश्य निर्धारण
- आत्मनिर्णय गर्ने क्षमता
- आत्म मुल्याङ्कन
- प्रतिस्पर्धी भावना
- अरुको नेतृत्व
- समुह निर्माण
- अधिकारको प्रयोग
- शक्ति हस्तान्तरण र कार्य विभाजन
- नयाँ नेतृत्वको निर्माण

### प्रतिक्रिया

तालिमको समाप्ती पछि सम्पुर्ण उपस्थितहरुमा आत्मविश्वास बढेको र आर्थिक व्यवस्थापन, उद्देश्य निर्धारण, आत्म मुल्याङ्कन, प्रतिस्पर्धी भावना, समुह निर्माण र कार्य विभाजन, आत्मनिर्णय गर्ने

क्षमता, आदि जस्ता बिषयमा ज्ञान पाएको र यस्ता बिषयमा निर्णय गर्न सक्ने क्षमता बृदि भएको प्रतिक्रिया पायौ।

कार्यकम संचालन बखतका केहि तस्बिरहरु






## २.३ सामुदायिक सरसफाइ कार्यकम

### परिचय

का.म.पा वडा नं. ९ को परानो बानेश्वर देखि सिनामङगल बिचको सडक सरसफाई गरि समुदायमा सरसफाई सम्बन्धि जनचेतना प्रबाह गर्दै मिति २०७३।०४।२९ मा सामूदायिक सरसफाइ कार्यकम सन्चालन गरियो। यस कार्यकमको मुखिय उद्देश्य हामी हरेक कुरामा सरकार र सरकारि निकायको मात्र मुख ताक्छौ र आफुले भनेको कुरा नभएमा गाली गर्न अघि बडछौ तर हामी असल नागरिकको भुमिका त्यो नभै आफुले सकेको र आफ्नो क्षेत्रबाट जागरुक भै समृद्ध नेपाल अभियानमा सहयोग गरौ भनि ब्यबहारमा देखाउनु र चेतना अभिबृदि गराउनु।

### कार्यक्रम संचालन

स्थानिय बासि तथा स्थानिय बिभिन्न सामाजिक संघसंस्थाहरु सङ्ग समन्वयन गरि मिति २०७३।०४।२९ गते ९० जना स्वांसेवक र केहि स्थानियबासिका साथ कार्यकम सन्चालन गरियो।

### कार्यक्रमको लक्ष्य तथा उपलब्धी

हामी हरेक कुरामा सरकार र सरकारी निकायको मात्र मुख ताक्छौ र आफुले भनेको कुरा नभएको खण्डमा गालि गर्न अघि बढ्छौ, तर असल नागरिकको भुमिका त्यो नभै आफुले सकेको र आफ्नो आफ्नो क्षेत्रबाट जागरुक भै सहयोग गरी समृद्ध नेपाल अभियानमा सहयोग गर्नु हो, भनि ब्यबहारिक चेतना दिनु कार्यकमको मुख्य लक्ष्य रहेको थियो। कार्यक्रमको समापन पछि हरेक उपस्थित मानिसमा सकारात्मक परिर्वतन पायौ।

### कार्यक्रम विषयबस्तु

- समुदाय सरसफाईमा जनसहभागिता
- देश र देश बिकासमा टेवा
- समुदायिक एकता
- सरसफाई चेतना
- जिम्मेवार नागरिक र भुमिका

### प्रतिक्रिया

कार्यक्रमको समापन पछि हरेक उपस्थित मानिसमा सकारात्मक परिर्वतन पायौ, हामी हाम्रो समुदायमात्र सफा र सुन्दर बनाउने हो भने सम्पुर्ण देश नै सफा सुन्दर हुने रहेछ भन्ने भावना व्यक्त भएको पायौं।

कार्यक्रम संचालन बखतका केहि तस्बिरहरु





## २.३ सौर्य बत्ति जडान

### परिचय

काठमाण्डौ महानगरपालिका वडा नं. ९, पुरानो बानेश्वर चोक देखि सिनामङगल जाने सडक वा बाबुराम सडक'मा काठमाण्डौ महानगरपालिका, संघिय तथा स्थानिय बिकास मन्त्रालय र स्थानिय उपभोक्तासङ्ग समन्वयन गरि सौर्य बत्ति जडान गरियो। यस कार्यक्रमले काठमाण्डौ महानगरपालिका वडा नं. ९ का ५०० बढि जनताले लाभ पाएकाछन। यस कार्यकमको मुख्य उदेश्य सडकमा दुर्घटना न्युनिकरण, महिला, बालबालिका, अपाङ्ग, बृद्धबृद्धा, ब्यपारी आदिलाई दैनिक जीवनयापनमा सहयोग गर्नु रहेको थियो।

### कार्यक्रम संचालन

कार्यक्रम संचालन सम्बन्धमा, लाग्ने खर्च रु.३६,६८,६७० को ६०% संघिय तथा स्थानिय बिकास मन्त्रालयको, २५% काठमाण्डौ महानगरपालिका र बाकि १५% स्थानिय उपभोक्ता समितिको। जहा, स्थानिय

उपभोक्ताले उपलब्द गराउनु पर्ने रकम रु.५,५०,३००।४० हाम्रो संस्थाले सहयोग स्वारुप उपलब्द गराएको हो।

कार्यक्रम संचालन भै सफल हुनुमा स्थानियबासिको साथ सहयोग रहेको र यस संस्थाको सदस्य साथै अन्य सरोकारवाला ब्यक्तिले सहयोग गरेको थियो र सहयोग प्रति हामी तारा मण्डल परिवर आभारि छौ।

### कार्यक्रमको लक्ष्य तथा उपलब्धी

कार्यक्रमको मुख्य उदेश्य सौर्य बत्तिको सहयाताले सडकमा लोडसेडिङमा पनि उज्यालो दिनु र स्थानिय तथा सडकमा सवार सम्पुर्ण जनतामा हिडडुल गर्न सहयोग गर्नु साथै  दुर्घटना न्युनिकरण, महिला, बालबालिका, अपाङ्ग, बृद्धबृद्धा, ब्यपारी आदिलाई दैनिक जीवनयापनमा सहयोग गर्नु।

कार्यक्मको सफलता सङ्गै स्थानिय सजिलै सङ्ग हिडडुल गर्न सकेका छन, सडक दुर्घटनामा कमि आएको छ, चोरीडकैतिमा कमि भएको छ, ब्यपार ब्यबसाय बढेको छ।

### कार्यक्रम विषयबस्तु

- सौर्य बत्ति जडान
- सडक दुर्घटनामा न्युनिकरण
- ब्यपार ब्यबसायमा सहयोग
- महिला, बालबालिका, अपाङ्ग, बृद्धबृद्धा, ब्यपारी आदिलाई दैनिक जीवनयापनमा सहयोग

### प्रतिकिया

कार्यक्रमको सफल समापन पछि सम्पुर्ण समुदायबासिले आभार ब्यक्त गर्नुका साथै दैनिक जीवनयापनमा सहयोग मिलेको, ब्यपार ब्यबसायमा सहयोग मिलेको, चोरी डकैति न्युनिकरणमा सहयोग मिलेको, आदि प्रतिकिया दिएका थिए।

कार्यक्म संचालन बखतका केहि तस्बिरहरु




## २.४ स्वास्थ्य शिविर

### परिचय

सस्थाले निशुल्क स्वास्थ्य शिविरका लागि चित्लाङ्ग स्वास्थ्य चौकि, आर.सि.सि रोटरि क्लब तथा अन्य सहयोग गर्ने सामाजिक सस्थाहरु संग समन्वयन गरि मकवानपुर जिल्ला अन्तर्गत चित्लाङ्गमा बिभिन्न रोग लगायत बृहत स्वास्थ्य शिविर मिति २०७३।०९।११ र १२ गते सन्चालन गरियो। शिविरको मुख्य उद्देश्य पिछडिएको तथा आर्थिक स्थिति नाजुक भै उपचार गर्न नसकेका समुदायमा उपचार सहयोग गर्नु रहेको थियो।

### कार्यक्रमको लक्ष्य तथा उपलब्धी

शिविरको मुख्य लक्ष्य पिछडिएको तथा आर्थिक स्थिति नाजुक भै उपचार गर्न नसकेका समुदायमा उपचार सहयोग गर्नु रहेको थियो। यस कार्यकमले समुदायको धेरैलाई उपचार दिएको, अझै बाच्ने हौसला दिएको, आर्थिक अबस्थाको कारण घरमै थलिएर बसेको बेला राहात पाएको, आदि  जस्ता बिभिन्न कार्य गरियो।

### कार्यक्रम विषयबस्तु

- पिछडिएको तथा आर्थिक स्थिति नाजुक भै उपचार गर्न नसकेका समुदायमा उपचार सहयोग गनु,
- महिलाहरुमा स्वास्थ सम्बन्धि जानकारी गराउने ।
- स्वास्थ स्वास्थ भएमा घर परिवार पनि स्वास्थ रहने ।

### प्रतिकिया

उपचार सहयोग प्रति आभार ब्यक्त गर्दै लाबान्भित स्थानिय बासिले संस्थालाई धन्यवाद ब्यक्त गरे। यस कार्यकमले हामी धेरैलाई पुनरजन्म दिएको, अझै बाच्ने हौसला दिएको, आर्थिक अबस्थाको कारण घरमै थलिएर बसेको बेला राहात पाएको, आदि  जस्ता प्रतिकिया पायौ।

कार्यकम संचालन बखतका केहि तस्बिरहरु





## २.५ बृदा आश्रमका आमाहरुमा स्वास्थ्य सहयोग

### परिचय

संस्थाले उपत्याकाका बिभिन्न असहाय केन्द्रहरुमा रहनुभएका बृद्ध बृद्धाहरुलाई असहाय केन्द्रका प्रमुखहरुसंगको समन्वय र माग बमोजिमका बिभिन्न औषधिहरु समेत बितरण गर्ने कार्य गरेको हो । यस कार्यक्रमको मुख्य उदेश्य बृद्द बृद्दा तथा असहायहरुलाई सहयोग गर्नु र जीवन यापनमा केहि सायता दिनु साथै उनिहरु प्रति समाजको धारणमा परिबर्तन ल्याउन सहयोग गर्नु रहेको छ।

### कार्यक्रम संचालन र प्रकृया

संस्थाले उपत्याकाका बिभिन्न असहाय केन्द्रहरुमा रहनुभएका बृद्ध बृद्धाहरुलाई असहाय केन्द्रका प्रमुखहरुसंगको समन्वय गरी माग बमोजिमका बिभिन्न औषधिहरु बितरण गर्ने कार्य सम्पन्न गरेको हो । यस कार्यक्रमले यस्ता असहाय केन्द्र सन्चालन गर्नुमा सहयोग मिलेको र असाहय केन्द्रमा रहनु बृद्ध बृद्धाले स्वास्थ्य सहयोग पाउनु भएको छ।

### कार्यक्रमको लक्ष्य तथा उपलब्धी

अहिले भनिदै आएको आधुनिक समयमा आफुलाई जन्म दिने आमाबाबाहरु वा असहाय प्रति स्नेह, सम्मान घट्दै गै रहेको छ। दिन दोगुना रात चौगुना असहाय केन्द्रहरु थपिदै गहिरहेका छन। अपाङ्ग तथा असहाय प्रति हेर्ने दृटिकोण फेरिदै गएको छ। मनवले मानवताको धर्म बिर्सदै गै रहेको छ। जस्का कारण बृद्ध बृद्धा तथा असाहयहरुले थप दुःख पाउनु परेको छ। त्हे यस्तै समस्यालाई निर्मुल पार्ने लक्षका साथ हाम्रो संस्थाले यस्ता बिभिन्न असाहय केन्द्रहरुमा सहयोग गर्दै आही रहेका छौ। बस्तु सहयोग सङ्गै जनचेतनामुलक कार्यक्रमहरु संचालन गर्दै आहि रहेका छौ, जस्का कारण समाज र सोचाई परिबर्तनमा टेवा पुग्ने छ।

### कार्यक्रम विषयबस्तु

- स्वास्थ्य सहयोग गर्नु
- असाहय केन्दहरुलाई हौसला साथै सहयोग उपलब्ध गराउनु
- सहयोगी हातहरुलाई साथ दिनु
- जेष्ठ नागरिक तथा असहायलाई साथ र सहयोग गर्नु पर्छ भन्ने भावना अभिबृद्धि गराउनु

### प्रतिक्रिया

असाहय केन्द्रका प्रमुखले यस्तो सहयोग र साथले हामी र हाम्रो सस्थालाई संचालन गर्न पुगेको र आगामि दिनहरुमा पनि सहयोगको आशा राखेको बताए र वृद्ध वृद्धा तथा असहाय हरुले टेक्ने ठाउ नपाएको बेला समाउने हात मिलेको र यस्तै साथ सहयोग अगामि दिनहरुमा पनि अपेक्षा राखेको, भन्ने भावना राख्नु भयो।

कार्यक्रम संचालन बखतका केहि तस्बिरहरु





**धन्यवाद!!**